भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन
सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) अनुसार प्रकाशित

२०८० कार्तिक १ गते देखि २०८० पौष मसान्तसम्मको विवरण समावेश गरिएको

# जानकारीमूलक पुस्तिका

प्रकाशन मितिः २०८० माघ १६ गते

प्रकाशकः
भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन
फोन नं. ०५६५१०१६७, ०५६५११४६७, ०५६५१५७७१
फ्याक्स नं. ०५६५१५७७१
टोल फ्री नं. १६६०५६५२२२२
वेवसाईटः www.bharatpurmun.gov.np
ईमेलः bmc@ntc.net.np, info@bharatpurmun.gov.np

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को परिच्छेद २ अनुसार जानकारी गराउनुपर्ने विवरण

## १. निकायको स्वरुप र प्रकृति

परिचय

- प्रदेश : बागमती प्रदेश
- जिल्लाः चितवन
- स्थापना मितिः २०३५ साल
- क्षेत्रफलः ४३२.९५ बर्ग कि.मी.
- वडा संख्याः २९
- दीर्घकालिन सोचः "मध्य नेपालको सुन्दर शहर, समृद्ध र सु संस्कृत भरतपुर महानगर"
- परिवार संख्या: ९६५९१ जनसंख्याः ३६९२६८ महिलाः१९०३७१ पुरुषः१७८८९७ साक्षरता प्रतिशतः ८७.२० (जनगणना २०७८ बमोजिम)
- कार्यरत कर्मचारी संख्याः ७६९
- औसत तापक्रमः न्यूनतम १०० से. देखि अधिकतम ४००.०० से. सम्म
- विद्यालयः प्रा. वि. ६०, नि. मा. वि. ३६, मा. वि. ८१, उच्च मा. वि. ३९, विश्व विद्यालय १ र इन्जिनियरिङ्ग कलेज १

## २. निकायको काम, कर्तव्य र अधिकार

- नगर प्रहरी व्यवस्थापन
- सहकारी संस्था व्यवस्थापन
- एफ. एम. संचालन
- स्थानीय कर, सेवा शुल्क तथा दस्तुर
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्यांक र अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना तथा परियोजना
- आधारभूत र माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य र सरसफाई
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ
- गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- स्थानीय अभिलेख व्यवस्थापन
- जग्गा धनी दर्ता प्रमाण पूर्जा वितरण
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य सहकारी
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
- बेरोजगारको तथ्याङ्क सङ्कलन
- कृषि प्रसारको व्यवस्थापन, सचांलन र नियन्त्रण
- खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा
- विपद् व्यवस्थापन
- जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

भरतपुर महानगरपालिकाको स्वीकृत दरबन्दी जम्मा ८८९ रहेकोमा हाल ७६९ जना कार्यरत रहेका छन् ।

## ४. निकायबाट प्रदान गरिने सेवा, सम्बन्धित शाखा, जिम्मेवार अधिकारी लाग्ने दस्तुर र अवधि

| क्र.स. | सेवाको किसिम | जिम्मेवार अधिकारी | लाग्ने समय | लाग्ने दस्तुर |
|---|---|---|---|---|
| १ | घर जग्गा नामसारी | वडा अध्यक्ष | सोहि दिन | २००० |
| २ | मोही लगत कट्टा | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३ | घर कायम सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४ | छात्रवृत्ति सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ५ | बिपन्न बिद्यार्थी छात्रवृत्ति सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ६ | अपांङ्गता भएका व्यक्तीको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ७ | अस्थायी बसोबास सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ८ | स्थायी बसोबास सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ९ | नागरिकता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| | नागरिकता प्रतिलिपी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १० | अंगिकृत नागरिकता सिफारिस | वडा अध्यक्ष | सर्जमिन सहित ३ दिन | १५०० |
| | अंगिकृत नागरिकता प्रतिलिपी सिफारिस | वडा अध्यक्ष | | १००० |
| ११ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १२ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| १३ | विद्युत जडान सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० (व्यवसायिक प्रयोजन १०००) |

| | | | | |
|---|---|---|---|---|
| १४ | धारा जडान सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १५ | जीवित रहेका सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १६ | दुवै नाम गरेका व्यक्ति एकै हो भन्ने सिफारिस/ फरक जन्म मिति संशोधन सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १७ | जग्गा मूल्यांकन सिफारिस/प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | जग्गा मूल्यांकनको आधारमा |
| १८ | व्यवसाय बन्द सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १९ | व्यवसाय संचालन नभएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २० | ब्यापार व्यवसाय नभएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २१ | कोर्ट फि मिनाहा सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २२ | नाबालक परिचय पत्र सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २३ | चौपाया सम्बन्धी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २४ | व्यवसाय दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २५ | उद्योग ठाउँ सारी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| २६ | विद्यालय ठाउँ सारी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| २७ | आन्तरिक बसाइसराइ सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| २८ | सामुदायिक विद्यालय संचालन, स्वीकृत/कक्षा बृधि सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २९ | व्यक्तिगत विवरण सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३० | जग्गा दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३१ | संरक्षक सिफारिस (व्यक्तिगत) | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३२ | संरक्षक सिफारिस (संस्थागत) | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ३४ | जिवितसँगको नाता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३५ | मृतकसँगको नाता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १०० |

| | | | | |
|---|---|---|---|---|
| ३६ | कोठा खोल्न कार्य/रोहवरमा बस्ने कार्य | वडा अध्यक्ष | सोहि दिन | १५०० |
| ३७ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ३८ | अन्य कार्यालयका माग अनुसार विवरण खुलाइ पठाउने कार्य | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३९ | संस्था दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| ४० | घर बाटो प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | २००० |
| ४१ | चार किल्ला प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १६०० |
| ४२ | जन्म मिति प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४३ | बिवाह प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४४ | घर पाताल प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४५ | कागज/मंजुरीनामा प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४६ | हक वाला वा हकदार प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४७ | अबिवाहित प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १००० |
| ४८ | जग्गा रेखांकन कार्य/सो कार्यमा रोहवर | वडा अध्यक्ष | सोहि दिन | |
| ४९ | जग्गाधनी पुर्जा हराएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५० | पुर्जामा घर कायम गर्ने सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५१ | अंग्रेजी सिफारिस तथा प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५२ | मिलापत्र कागज/उजुरी दर्ता | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५३ | सम्पति कर/ घर जग्गा कर | वडा सचिव | सोहि दिन | मुल्यांकनको आधारमा |
| ५४ | बहाल कर व्यापारिक प्रयोजन | वडा सचिव | सोहि दिन | सम्झौताको आधारमा ७ प्रतिसत |
| ५५ | विज्ञापन कर | वडा सचिव | सोहि दिन | महानगरले तोके बमोजिम |
| ५६ | जन्म दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |

| | | | | |
|---|---|---|---|---|
| ५७ | मृत्यु दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ५८ | बसाइसराइ जाने आउने दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ५९ | सम्बन्ध विच्छेद दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ६० | बिवाह दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ६१ | नयाँ व्यवसाय दर्ता | वडा सचिव | सोहि दिन | ब्यबसायको प्रकृति हेरी |
| ६२ | व्यवसाय नवीकरण | वडा सचिव | सोहि दिन | तोकिए बमोजिम |

**५. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

सामान्य निर्णयहरु टिप्पणीको आधारमा महाशाखा प्रमुखबाट, प्रशासकीय निर्णय प्रमुख प्रशासकीय अधिकृतबाट र अन्य निर्णयको हकमा विषयवस्तु हेरी नगर प्रमुख, उप प्रमुख, कार्यपालिका बैठक र नगर सभाबाट गर्ने व्यवस्था रहेको छ ।

**६. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

यस महानगरबाट प्रदान गरिएको सेवामा चित्त नबुझेमा वा समयमा सेवा प्राप्त नभएमा प्रमुख प्रशासकीय अधिकृत श्री नरेन्द्र कुमार राना समक्ष गुनासो गर्न सकिने व्यवस्था रहेको छ ।

**७. २०८० कार्तिक १ देखी पौष मसान्तसम्म महाशाखा एवम् शाखाबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरु**

## सहरी पूर्वाधार विकास

१. उज्यालो भरतपुर कार्यक्रम अन्तर्गत स्मार्ट सडक बत्ती, हाई मास्ट एवं मिनिमास्ट बत्ती जडानको लागि दोस्रो प्याकेजको सम्झौता सम्पन्न भई कार्य अगाडि बढेको छ।

२. हरित उर्जाको खपत, पेट्रोलियम पदार्थको बचत' गर्ने नीति अनुरुप नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा थप Charging Station का लागि जग्गा व्यवस्थापन गरिएको साथै महानगरले विद्युतीय सवारी साधन खरिद गरिने नीति अनुरुप E-Scooter खरिद प्रक्रिया अगाडि बढाइएको छ।महानगरभित्र विद्युतीय बस सहित गुणस्तरीय र सुरक्षित यातायात सेवाको लागि प्रारम्भिक अध्ययन भईरहेको छ।

३. GIS को प्रयोग गरी भू-उपयोग वर्गीकरण गर्ने कार्यका लागि सम्बन्धित परामर्शदातासँग सम्झौता भएको छ।
४. संघीय सरकारको समन्वयमा युटिलिटि करीडोरको लागि कार्य भइरहेको छ।
५. देश भित्रैको स्रोतसाधनलाई प्रयोग गरी पूर्वाधार निर्माण गर्ने नीति अनुरुप ६ मिटर भन्दा कम ROW भएका सडक, भिरालो र घुम्ती चोकहरुमा ढलान गर्ने भईरहेको छ।
६. केरुङ्गा घोल, पुङ्गी खोलामा संरक्षण तथा सौन्दर्यीकरणको लागि निर्माण कार्य थालनी भएको छ।
७. सी बिच मोडेल सहितको मनोरञ्जन पार्क निर्माणका लागि महानगरबाट ठेक्का आह्वान भई सम्झौता चरणमा रहेको छ।
८. रोड मार्किङ र जेब्रा क्रसिङराख्ने कार्य भईरहेको छ।
९. स्मार्ट सार्वजनिक शौचालयको design तयार भई निर्माणको लागि बोलपत्रको तयारी गरिएको छ।
१०. खाल्डाखुल्डीमुक्त महानगरको अभियान अन्तर्गत सडक मर्मतका कार्यहरु भईरहेको छ।
११. जङ्गली जनावरका कारण हुने मानवीय तथा बालीनालीको क्षतिलाई न्यूनीकरण गर्न वडा नं. १६, २४, २५, २७, २८ मा फाउन्डेसनसहितको मेशजालीको निर्माण कार्य भइरहेको छ।
१२. ठुला मेशिनरी औजार प्रयोग हुने सडक निर्माण, सडक मर्मत सम्भार लगायतका आयोजनाहरु बोलपत्र मार्फत मात्र कार्यान्वयनमा ल्याइएको छ।
१३. वडा नं. ११ मा निर्माण हुने ल्याण्डफिल साइटको DPR तयार भएको र EIA को लागि परामर्शदाता छनौट कार्य सम्पन्न भएको छ।
१४. गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणका लागि सो योजनाको प्राविधिक मूल्यांकनका साथै DPR पुनरावलोकनको कार्य अन्तिम चरणमा पुगेको छ।
१५. विद्युतीय नक्सापास प्रक्रिया पूर्ण डिजिटाइजेसन भएको र पुराना नक्सा पास सम्बन्धी कागजातहरु पनि डिजिटाइजेसन गर्ने कार्य भइरहेको छ।

## वातावरण, हरियाली प्रवर्द्धन तथा सरसफाईतर्फ

१६. भरतपुर महानगरपालिकभित्र मासिक ७ हजार लिटरसम्म खानेपानी उपभोग गर्ने उपभोक्ताको खानेपानी महशुल महानगरपालिकाबाट भुक्तानी हुने नीतिअनुसार यस आ.व. मा हालसम्म ५,६३९ घरधुरीलाई ५ लाख ६४ हजार २ सय रकम भुक्तानी गरिएको छ।

१७. फोहोरमैला व्यवस्थापन शुल्कको ३०% रकम टोल विकास संस्थालाई फिर्ता गर्ने नीति अनुसार हालसम्म ४ लाख १५ हजार १ सय ८ रुपैंया भुक्तानी भइसकेको छ।

१८. लगानीमैत्री वातावरण सिर्जना गरी फोहोरमैलाको दीगो व्यवस्थापन गर्न सार्वजनिक-निजी साझेदारी (PPP Model) अन्तर्गत निजी साझेदारसँगको सहकार्य गर्ने नीति अनुरुप प्रस्तावित ल्याण्ड फिल साइटको DPR तयार भैसकेको छ । तत्कालको व्यवस्थापनको लागि भरतपुर महानगरपालिकाभित्रको फोहोरमैला व्यवस्थापन गर्न २ वटा प्याकेज बनाई टेण्डर आह्वान भइसकेको छ।

१९. **"हाम्रो नगर हरियाली तथा स्वच्छ शहर"** अवधारणा अनुरुप हरियाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत मिडियन गार्डेन र सडकको दाँयाबाँया विभिन्न जातका १५ सय भन्दा बढी फूल तथा विरुवाहरु रोपण गरी सडक सौन्दर्यकरण गरिएको र ती विरुवाको वृद्धि तथा संरक्षणका लागि आवश्क प्राविधिक कर्मचारी, माली, पेन्टर लगायतका जनशक्ति पदपूर्तिको प्रक्रियामा रहेको छ। विरुवाको संरक्षणको लागि ट्रि गार्ड (Tree Guard) तथा घेराबार जडान कार्य भइरहेको र सिंचाईको लागि ४ हजार लिटरको पानी ट्याङ्की खरिद गरिएको छ।

२०. **"वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धनका लागि सँगसँगै"** को सामूहिक भावनाका साथ व्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत स्वच्छ वातावरण र हरियाली प्रवर्द्धन गर्न निजी क्षेत्र, गैर-सरकारी संघ-संस्था, व्यवसायिक संघ-संस्था तथा विभिन्न सरकारी निकायहरुसँगको समन्वय तथा सहकार्यमा मासिक रुपमा वृहत सरसफाई तथा वृक्षारोपण कार्यक्रम अभियानकै रुपमा सञ्चालन भैरहेको छ।

२१. कुहिने फोहोरलाई स्रोतमा नै कम गरी प्राङ्गारिक मल बनाउन कम्पोस्ट च्याम्बरको टेण्डर आह्वान भइसकेको छ।

२२. बेवारिसे शव व्यवस्थापन अन्तरगत जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, अस्पताल, तथा देवघाट क्षेत्र विकास समितिसँग सहकार्य गरी यस आ.व. मा हालसम्म ४७ वटा बेवारिसे शवको अन्तिम संस्कार गराउने कार्यलाई निरन्तरता दिइएको छ।

२३. प्रचण्ड मार्ग तथा गोन्द्राङ देखि पुलचोक सम्मको सडक खण्डमा वृक्षारोपण गर्ने कार्य टेण्डर आह्वान प्रक्रियामा रहेको छ भने नारायणी नदी किनार सौन्दर्यीकरण (सि बिच मोडलमा काम भएको स्थान) कार्य टेण्डर आह्वान भई कार्य भइरहेको छ।

## विपद् व्यवस्थापन

२४. विभिन्न स्थानमा भएका ३१ वटा आगलागी घटनामा महानगरको वारुणयन्त्रबाट आगो नियन्त्रण गरिएको , महानगरका विभिन्न विपद्बाट आहत भएका १० जनालाई ३ लाख राहत उपलब्ध गराइएको, जाजरकोट भूकम्प प्रभावित ९०० परिवारलाई महानगर प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत नै घटना प्रभावित जिल्ला पुगी प्रतिपरिवार ब्ल्याङकेट एक एक थान, चामल २५ केजी र दाल ५ केजी  राहत हस्तान्तरण गरिएको,  महानगरका जन प्रतिनिधि, कर्मचारी, शिक्षकको तलब र महानगरको विपत कोषबाट १ करोड रुपैया उपलब्ध गराउने निर्णय भई हस्तान्तरण गर्ने कार्यक्रम रहेको छ।

२५. पश्चिम चितवनलाई पायक पर्नेगरी वारुणयन्त्र राख्ने गरी  एक थान नयाँ दमकल किन्नका लागि सम्झौता भइसकेको, आगलागी द्रुत नियन्त्रणका लागि फायरबाइक खरिद प्रक्रिया रहेको छ।

२६. खरको छानामुक्त महानगरका लागि निवेदन आह्वान भई कार्यान्वयनको चरणमा रहेको छ। म, म ,

२७. विपद् सरोकारवालाहरुसित नियमित अन्तरक्रिया तथा समन्वय गरी  विपद् पूर्व तयारीका कार्यक्रमहरु सञ्चालन  भइरहेको  छ।

## स्वास्थ्य तथा सामाजिक विकास

२८. आधारभूत स्वास्थ्य सेवा घरदैलोमा पुऱ्याउने उद्देश्यले यसै वर्षदेखि प्रारम्भ गरिएको **समुदायसँग मेयर स्वास्थ्य कार्यक्रम** मार्फत ५१६३ जना ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका एवं अशक्तहरुको घर दैलोमा पुगी स्वास्थ्य सेवा प्रदान गरिएको छ।

२९. स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई **निःशुल्क यातायात/एम्बुलेन्स खर्च** उपलब्ध गराइएको छ।

३०. प्रयोगशाला सेवालाई प्राथमिकता दिदैं स्वास्थ्य चौकीहरु मार्फत आधारभूत प्रयोगशाला सेवाप्रदान गरिएको छ। स्वास्थ्य संस्थामा गुणस्तरीय औषधि सामग्रीको आपूर्ति सुनिश्चित गरिनुका साथै स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार, औजार उपकरण र औषधिको नियमित आपूर्ति गरिएको छ।

३१. **मृगौंला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलव्ध गराउने सम्वन्धी कार्यविधि, २०७८** अनुसार ७१५ जनालाई औषधी उपचार खर्च उपलव्ध गराइएको छ।

३२. **विपन्न वर्ग आर्थिक सहायता कार्यविधि २०७९** अनुसार ५४ जनालाई आर्थिक सहायता प्रदान गरिएको छ। विपन्न नागरिक औषधी उपचार सिफारिस अन्तर्गत २६२ जनालाई निशुल्क उपचारका लागि अस्पतालहरुमा सिफारिश गरिएको छ।

३३. जनआन्दोलन तथा सबैप्रकारका आन्दोलनमा सहिद तथा बेपत्ता पारिएका परिवारको लागि प्रदान गरिदै आएको मासिक जीविकोपार्जन सहयोग तथा आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिइएको र हाल सम्म ९१ जनालाई सेवा उपलब्ध गराइएको छ।

३४. **छोरीसँग मेयर कार्यक्रम** अन्तर्गगत भरतपुर महानगरमा स्थायी बसोबास गरी सरकारी स्वास्थ्य संस्थामा जन्म हुने छोरीहरुका लागि छोरी बीमा कार्यक्रमलाई निरन्तरता दिई हालसम्म ६१३ जना छोरीहरुको बीमा गरिएको छ।

३५. महानगरको लैङ्गिक तथा सामाजिक समावेसी नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने कार्यका लागि प्रक्रिया अघि बढाइएको छ।

३६. हिंसा विरुद्ध सुन्य सहनशीलताको नीतिअनुरुप लैङ्गिक हिंसा व्यवस्थापन गर्न र हरेक घर सम्मानित घर बनाउने गरी प्रत्येक वडामा एक मनोसामाजिक विमर्शकर्ता रहने व्यवस्थाका लागि प्रथम चरणमा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरुका लागि मनोसामाजिक सहयोग सम्बन्धी १५ दिने तालिम सम्पन्न गरिएको छ।

३७. महानगरको विकासमा नागरिकको सक्रिय सहभागिता भन्ने नारालाई मूर्तरुप दिन हाल महानगर भित्र रहेका ६४४ वटा टोलविकास संस्थाहरुलाई अझ क्रियाशील र सक्रिय बनाउने कार्यमा जोड दिइएको ।

३८. महानगरको विकासको साझेदारको रुपमा रहेका गैरसरकारी संघसंस्थाहरुका गतिविधिहरुको अभिलेख व्यवस्थापन र समन्वयमा एकरुपता ल्याउने गरी संघसस्थाको दर्ता, नविकरणका लागि

सिफारिस गर्दा एकद्धार प्रणालीको अवलम्बन गरिदै आएको र चालु आ.व. मा ८ वटा गैरसरकारी संस्थाहरुलाई कार्यसञ्चालन अनुमति प्रदान गरिएको छ।

३९. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फ वडा नं. ६ र २६ लाई छनौट गरी वडास्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न गर्नुका साथै सहभागितात्मक लेखाजोखा विधिबाट छनौटमा परेका ७० घरधुरीका सदस्यहरुलाई  उद्यमशिलता विकास तालिम सम्पन्न गरिएको छ।

४०. अपाङ्गता भएका व्यक्तिहरुको पहिचानको अधिकारलाई सुनिश्चित गर्दै अपाङ्गताको गाम्भीर्यताको आधारमा हालसम्म जम्मा २१६३ जनालाई अपाङ्गता परिचय पत्र प्रदान गरिएको छ भने मध्यम अपाङ्गता भएका  व्यक्तिहरुलाई महानगरबाट निशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता प्रदान गर्दै आएको र हाल ४८ जनाको निशुल्क स्वास्थ्य बिमा सम्पन्न भएको छ।

४१. जन्म मृत्यु विवाह दर्ता, सम्बन्ध विच्छेद र बसाईसराई जस्ता पुराना हस्तलिखित व्यक्तिगत घटना दर्ता  अभिलेखलाई डिजिटाईज्ड गर्ने कार्य प्रारम्भ गरी हालसम्म २१७७० व्यक्तिगतत घटना दर्ता अभिलेख डिजिटाईज्ड गरिएको छ

४२. भरतपुर महानगरपालिकामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जम्मा लाभग्राहीको सङ्ख्या २८०२९ रहेको र प्रथम त्रैमासिकमा रु २८ करोड १४ लाख ४९ हजार ४ सय तेईस वितरण गरिएको छ।

४३. वैदेशिक रोजगारीमा गएका घरपरिवारको स्थितिपत्र विश्लेषण र प्रकाशनका लागि बैदेशिक रोजगारीमा गएका घर परिवार पहिचान र तथ्याङ्क सङ्कलन गर्न बाँकी वडाहरु क्रमशः ११, १२ र २० मा विवरण सङ्कलनको कार्य सम्पन्न भएको र हाल महानगरको ३३७२५ घर परिवार वैदेशिक रोजगारीमा संलग्न रहेको अभिलेख तयार भएको छ।

## शिक्षा, युवा तथा खेलकुद

४४. शैक्षिक व्यवस्थापनलाई व्यवस्थित बनाई योजना तथा कार्यक्रमहरू पारदर्शी रूपमा कार्यान्वयन गर्न आवश्यक ऐन, कानुन, मापदण्ड बनाउँदै जाने नीति अनुरुप चालु आ.व. मा शिक्षा र युवा तथा खेलकुद सम्बन्धी कानुनहरू निर्माण गरी कार्यान्वयनमा ल्याइएको छः

क. युवा स्वयंसेवक परिचालन सम्बन्धी एकीकृत कार्यविधि २०८०,

ख. छात्रावास (होस्टेल) सञ्चालन सम्बन्धी मापदण्ड २०८०
ग. प्रारम्भिक बालविकास केन्द्र स्तरीकरण मापदण्ड २०८०

४५. सबै बालबालिकाको आधारभूत शिक्षामा समावेशी पहुँच सुनिश्चित गर्ने नीतिअनुरूप भरतपुर महानगरपालिका वडा नं. २६ दिव्यनगरमा रहेको आदर्श माध्यमिक विद्यालयमा मस्तिष्क पक्षघात भएका बालबालिकाहरुका लागि विशेष शिक्षा अन्तर्गत स्रोत कक्षा सञ्चालनमा ल्याइएको छ।यसैगरी महानगरको आन्तरिक स्रोतबाट भरतपुर बालमन्दिर अटिजम विशेष विद्यालय, श्रीपुर सुस्त मनस्थिति विद्यालय र आदर्श माध्यमिक विद्यालय मष्तिष्क पक्षघात स्रोत कक्षालाई एक एक जना आयाको व्यवस्थापन गरिएको छ।

४६. गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित गर्न १३औं नगरसभाबाट पारित गरिएको एक कक्षा एक शिक्षकको नीति कार्यान्वयनमा ल्याई सामुदायिक विद्यालयमा १५१ जना युवा स्वयंसेवक शिक्षकहरु नियुक्ति गरी परिचालन गरिएको छ। यसबाट शैक्षिक गुणस्तर सुधारमा महत्वपूर्ण योगदान पुगेको पाइएको छ।

४७. राष्ट्रिय बालदिवस र राष्ट्रिय शिक्षा दिवस २०८० साताव्यापी रुपमा कार्यक्रमसहित मनाउनुका साथै सिकाइ उपलब्धि परीक्षा सञ्चालन गरी कक्षा ३,५,८, एसईई र कक्षा १२ को नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालय, प्रधानाध्यापक, शिक्षक, कर्मचारीलाई पुरस्कृत तथा सम्मानित गरिएको छ।यस कार्यबाट शिक्षकहरुमा आफ्ना कार्यप्रति थप जिम्मेवार हुने र प्रभावकारी शिक्षण सिकाइमा सक्रिय रूपमा लाग्न हौसला मिलेको पाइएको छ।

४८. विद्यार्थीमा जीवनोपयोगी सीपका साथै रैथाने र व्यवहारिक ज्ञान हासिल गर्ने अवसर प्रदान गर्ने उद्देश्यले सुरु गरिएको ***व्यवहारिक शुक्रबार*** कार्यक्रमको निर्देशिका तयार भई परीक्षणका रुपमा कार्यान्वयनमा ल्याइएको छ। यसले बालबालिकामा सिकाइ प्रति रुचि बढाउनुका साथै मौलिक कला संस्कृतिको ज्ञान प्राप्त हुने र बालबालिकाको अन्तर्निहित प्रतिभा प्रष्फुटनमा पनि महत्त्वपूर्ण भूमिका खेलेको पाइएको छ।

४९. विपन्न समुदायका बालबालिकालाई लक्षित गरी सुरु गरिएको बालबालिकासँग मेयर कार्यक्रम अन्तर्गत यस वर्ष १०२५ बालबालिकाहरुलाई न्यानो कपडा वितरण गरिएको छ। यस कार्यक्रमबाट विद्यार्थीहरुको विद्यालयमा उपस्थिति बढेको पाइएको छ।

५०. सामुदायिक विद्यालयको भौतिक सुविधा विस्तारका कार्यक्रमहरूमध्ये भवन निर्माणका लागि सबै विद्यालयसँग सम्झौता भई केहीको निर्माण कार्यसमेत सम्पन्न भइसकेको र केही विद्यालयमा

निर्माण कार्य अगाडि बढिरहेको छ। विद्यालयको रङरोगन र फल्स सिलिङ तथा मर्मतका लागि आवश्यकता र प्राथमिकताका आधारमा विद्यालय छनोट भई सम्झौताको कार्य अगाडि बढिरहेको छ।

५१. विद्यालयको सामुहिक सघन सुपरिवेक्षण र अनुगमनमा जोड दिई स्रोत साधनको सदुपयोग र शैक्षिक सुशासन कायम गर्दै गुणस्तर सुधारमा जोड दिइएको छ।

५२. अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा महानगर क्षेत्रमा क्रियाशील युवा संस्था र युवाहरूसँगको सहकार्यमा उद्यमी युवा संवाद र युवा उद्यमीहरुलाई सम्मान, दौड प्रतियोगिता, वृक्षारोपण, सरसफाइ लगायतका साताव्यापी कार्यक्रम आयोजना गरी सम्पन्न गरिएको छ।

५३. विद्यालय तहबाट खेल प्रतिभा पहिचान र विकासको उद्देश्यका साथ आयोजना हुने महानगर स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता ६४ वटा सामुदायिक र संस्थागत विद्यालयको सहभागितामा सम्पन्न भएको छ। साथै महानगरको सहयोगमा विभिन्न विधाका खेल प्रशिक्षक तालिम एवं खेलकुद प्रतियोगिता सम्पन्न भएका छन। सामुदायिक तथा संस्थागत विद्यालयमा स्काउट ट्रुप गठन गरी स्काउटको विस्तार र विकासका कार्य अगाडि बढिरहेको छ।

## महानगर प्रज्ञा प्रतिष्ठान

५४. स्थानीय साहित्यिक, शैक्षिक संस्थाहरुसित समन्वय गरी विविध साहित्यिक/साङ्गीतिक कार्यक्रमहरू ( चित्रकला प्रतियोगिता सञ्चालन, एकल कविता वाचन, १६औं राष्ट्रिय पुस्तकालय दिवस, पुस्तक बिमोचन, गजल साँझ आदि ) सञ्चालन गरिएको । ९ जना लेखकका पाण्डुलिपि मूल्याङ्कन गरी पुस्तक प्रकाशनार्थ प्रोत्साहन रकम रु १,६०,०००।०० प्रदान गरिएको, महानगर वाङमय कोशका लागि २२५ जनाको विवरण संकलन गरिएको, महानगर प्रज्ञा जर्नल, महानगर साहित्य दर्पण अङ्क ३ को प्रकाशन कार्य प्रारम्भ भएको, महानगर प्रज्ञा सम्मान तथा पुरस्कार वितरणको लागि तयारी भएको, राष्ट्रियस्तरको कथा प्रतियोगिता र जिल्ला स्तरीय निबन्ध प्रतियोगिताको तयारी भइरहेको छ ।

## आर्थिक विकास

५५. कृषिको आधुनिकीकरण तथा वैज्ञानिकीकरणका लागि कृषिमा यान्त्रीकरण गर्ने कार्यक्रम अन्तर्गत कृषकलाई अनुदानमा कृषि यन्त्र उपकरण उपलब्ध गराउन प्रस्ताव आह्वान गरिएकोमा पेश भएका १३५ वटा प्रस्तावहरू मुल्यांकनको चरणमा रहेका छन्।

५६. महानगर भित्रका खेती योग्य जमिनमा सिंचाईको पर्याप्तता सुनिसुचित गर्न भूमिगत जल सिंचाई आयोजना, कृषि ज्ञान केन्द्रसँग समन्वय गर्दै नारायणी लिफ्ट इरिगेसनको स्तरोन्नति गरिएको, ठुला खाले डीप बोरिङ जडान गर्ने कार्य अगाडि बढाइएको छ भनेत साना सिंचाई कार्यक्रम अन्तर्गत प्रस्ताव आह्वान माग गरी पेश भएका ६५५ वटा आयोजनाहरुको मुल्यांकन भइरहेको छ ।

५७. विषादी मुक्त भरतपुर बनाउन कृषकहरुलाई विषादीरहित तरकारी उत्पादन गर्ने तालिम दिईएको छ भने अर्गानिक तरकारी खेती गर्ने २३ जना कृषकहरूलाई सूचिकृत गरिएको छ।

५८. उत्पादनमा संलग्न सहकारीहरुलाई प्रोत्साहन गर्न ५० प्रतिशत लागत साझेदारीमा मिल्क एनालाईजर, चिलिङ भ्याट तथा मील स्थापनाको लागि प्रस्ताव आह्वान गरी ६ वटा मिल्क एनालाइजर, १ वटा चिलिङ भ्याट र १ वटा तोरी मिल स्थापनाको लागि लाभग्राही छनौट गरिएको छ ।

५९. सहकारी संस्थाहरुको एकीकरण र डिजिटल कारोवारलाई प्रोत्साहन गर्दै कोपोमिस (COPOMIS)आबद्धतालाई प्रोत्साहन गरिनुका साथै रोजगार प्रवर्धनका लागि केश कर्तन तालिम संचालन गरिएको छ।

६०. भरतपुर भ्रमण वर्ष २०२४ अभियान संचालन गर्ने निर्णय संगै मूल समिति, कार्यान्वयन समिति, निर्देशन समिति तथा विषयगत उपसमितिहरुको गठन तथा वडास्तरीय भ्रमण वर्ष प्रवर्धन समिति गठन गठन गरी कार्य अगाडि बढाइएको छ।

६१. राजनैतिक, सामाजिक, शैक्षिक, व्यवसायिक, सांस्कृतिक क्षेत्र लगायतका बौद्धिक व्यक्तित्वहरू, छिमेकी स्थानीय तहका प्रतिनिधिहरु लगायतको उपस्थितिमा भरतपुर भ्रमण वर्ष २०२४ लाई सफल बनाउने उद्देश्यले विभिन्न चरणमा छलफल गरिएको छ ।

६२. बाटुली पोखरी सामुदायिक बनमा पर्यटनकर्मीहरु, पत्रकारहरु तथा छिमेकी राष्ट्र चिनका पाहुनाहरु लगायत अन्य सरोकारवालाहरुको सहभागितामा ४४ औं विश्व पर्यटन दिवस सम्पन्न गरिएको छ।

६३. भरतपुर महानगरपालिका प्रवेश द्वारमा स्वागत र धन्यवादको बोर्ड, स्टयाण्ड बोर्ड लगायत ब्यानर, ब्रोसर प्रकाशन, लोगो प्रकाशन लगायत विभिन्न प्रचार प्रसर सामाग्री प्रकाशन गरी भ्रमण वर्षको प्रचार प्रसार भइरहेको छ।

६४. पर्यटन बोर्ड काठमाण्डौंमा संघीय सरकारका संस्कृति, पर्यटन तथा नागरिक उडयन राज्य मन्त्रीको उपस्थितिमा पत्रकार तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल गरी भ्रमण वर्षको अभियानका सन्दर्भमा जानकारी गराइएको छ।

६५. दुधमा प्रति लिटर रु ३।- अनुदान दिने नीति अन्तर्गत प्रस्ताव माग गरिएकोमा ७८ वटा सहकारीवाट २ करोड १० लाख लिटर दुधको लागि अनुदान माग भएको भई आएकोमा यसको मुल्यांकनको प्रकृया अगाडि बढेको छ ।

६६. अनुत्पादक एवं न्यून उत्पादन क्षमता भएका पशु वस्तुहरुको नश्ल सुधारको माध्यमवाट उत्पादन क्षमता वृद्धि गर्न १०,३१२ पशुहरुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान गरिएको साथै ११ हजार पशुहरुमा विभिन्न रोग विरुद्धको खोप लगाउने कार्य भएको र आकस्मिक रोग प्रतिरोधका लागि १५ हजार डोज खोप मौज्दात अवस्थामा राखिएको छ।

६७. आर्थिक अवस्था कमजोर भएका र रोजगार नभएका सिमान्तकृत विपन्न परिवारको जीविकोपार्जनका लागि "**निर्वाहमुखी पशुपन्छी पालन कार्यक्रम**" अन्तर्गत बाख्रा पालन, बंगुर पालन र हाँस कुखुरा पालनका लागि प्रस्ताव आह्वान गरे बमोजिम पेश भएका २३ वटा प्रस्तावहरू मूल्याङ्कनको चरणमा रहेका छन् ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम

६८. २०८० बैशाख १ गते बाट सुरुवात भएको श्रम तथा पुनः श्रम स्वीकृति आबेदन कार्यलाई निरन्तरता दिदै हाल सम्म ३८६ जना लाभग्राहीहरुको श्रम तथा पुनः श्रम स्वीकृति प्रदान गरिएको छ।

६९. आ.ब. २०८०/८१ का लागि सूचीकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम सूची प्रकाशन गरिएको छ।

७०. रोजगार सिर्जना कार्यक्रम अन्तर्गत सम्पूर्ण वडाहरुसँग आयोजना माग गरी रोजगार सिर्जना कार्यक्रम अन्तर्गत माग भएका आयोजनाहरुको स्वीकृत लागत अनुमान अनुसार वडा स्तरमा आयोजना सन्चालन गरिएको छ।

## सुशासन प्रवर्द्धन र सार्वजनिक व्यवस्थापन

### सुशासन तथा प्रशासनतर्फ

७१. महानगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राहीमैत्री एवम् प्रविधिमैत्री बनाउदै लगिएको छ । नगर कार्यपालिकाको कार्यालय र सबै वडा कार्यालयहरुमा अनलाइन दर्ता चलानी एवम् कर्मचारीहरुका लागि विद्युतीय हाजिरी प्रणाली लागु गरिएको छ ।

७२. महानगरपालिकामा सदाचारिता प्रवर्धन र गुणस्तरीय सेवामार्फत् सुशासनको प्रत्याभूति गर्नका लागि कर्मचारी प्रशासनमा सदाचारयुक्त संस्कृतिको विकास गरिएको छ ।

७३. सेवा प्रवाहलाई सरलीकरण गरिएको छ । वडास्तरीय योजना तथा कार्यक्रमको भुक्तानीका लागि ९ वटा भुक्तानी केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनुका साथै १००० वर्गफिट सम्म क्षेत्रफल भएका भवन तथा संरचनाहरुको नक्सा पास सम्बन्धी कार्य वडा कार्यालयहरुबाटनै सम्पन्न हुने गरी अधिकार प्रत्यायोजन गरिएको छ ।

७४. जनप्रतिनिधि र कर्मचारीबीच व्यावसायिक सम्बन्ध विकास गरी समृद्ध र सुसंस्कृत महानगर निर्माणका लागि ब्रम्हकुमारी इश्वरीय विश्वविद्यालयसंगको समन्वय र सहकार्यमा प्रथम चरणमा नगर प्रमुख र नगर उपप्रमुख एवम् प्रमुख प्रशासकीय अधिकृतसहित ६० जनालाई सकारात्मक सोँच र क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ । प्रस्तुत कार्यक्रमलाई आगामी चौमासिकमा निरन्तरता दिइनेछ।

७५. नगर कार्यपालिकाको कार्यालय र मातहतका निकायमा कार्यरत कर्मचारीका लागि क्षमता विकास तालिम सञ्चालन गरिएको छ । वडासचिव, इन्जिनियर, सब इन्जिनियर, अमिन तथा कम्प्यूटर अपरेटरहरुलाई तीन दिवसीय क्षमता विकास तालिम दिइएको छ ।

७६. महानगरपालिकाको संस्थागत विकास तथा सुदृढीकरणका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण(O and M Survey) गर्ने कार्य सम्पन्न गरी पददर्ताका लागि प्रदेश किताबखानामा प्रेसित गरिएको छ । प्रेसित गरिएको विवरण अनुसार पददर्ता भइ आएपश्चात् सोको कार्यान्वयन गरिनेछ ।

७७. नगर प्रहरी कर्मचारी व्यवस्थापनका लागि नगर प्रहरी सेवा सञ्चालन कार्यविधि, २०८० तथा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०७४ को संशोधन गरिएको छ । उल्लिखित कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा लैजाँदा कार्यालयको प्रशासन सुधारमा टेवा पुगेको छ ।

७८. भरतपुर महानगरपालिकामा चालु आ.व. को सुरुवातदेखि सञ्चालनमा ल्याइएको राष्ट्रिय परिचयपत्र विवरण दर्ता कार्यलाई व्यवस्थित रुपमा अगाडि बढाइएको छ ।

७९. महानगरपालिकाको निर्णय प्रभावकारी कार्यान्वयन गर्न मापदण्डहरुको कडाइसाथ लागु गर्न बजार व्यवस्थापन गर्न पार्किङ व्यवस्थापन लगायतका कार्य गर्न साविकमा नगर प्रहरी निरीक्षक(Municipal Inspector)को नेतृत्वमा रहेको ४५ जनाको नगर प्रहरी बललाई नगर प्रहरी नायव उपरीक्षक(Municipal DSP) को नेतृत्व रहने गरी कुल ७३ जनाको संख्यामा क्षमतावान, योग्य र उर्जावान नगर प्रहरी जनशक्ति तयार गरि परिचालन गरिएको छ ।

८०. सेवा प्रवाहलाई उत्तरदायी, पारदर्शी जनमुखी बनाउन नागरिक समाज लगायत बहुसरोकारवालाहरूको सहभागितामा चालु आ.व. को प्रथम चौमासिकमा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरिएको छ । सार्वजनिक सुनुवाइबाट प्राप्त पृष्ठपोषणलाई व्यावहारिक कार्यान्वयन गर्दै लगिएको छ ।

८१. आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न आन्तरिक कार्यसञ्चालन निर्देशिका, २०७९ तर्जुमा गरी पूर्णरूपमा कार्यान्वयनमा ल्याइएको छ ।

८२. महानगरपालिकाका सेवाग्राही तथा सरोकारवालाहरूले विभिन्न माध्यमहरूबाट राख्ने गुनासो, जिज्ञासा एवम् सवालहरूको प्रभावकारी सुनुवाइका लागि शासकीय सुधार इकाइको संरचनात्मक सुधार गरिएको छ ।

८३. अन्तर सम्बन्धित विषयहरूमा नेपाल सरकार, प्रदेश सरकार र अन्य स्थानीय सरकार, जिल्ला स्थित सरकारी कार्यालयहरु, सुरक्षा निकायहरु तथा जिल्ला समन्वय समितिसँग आवश्यक समन्वय र सहकार्य गरिएको छ ।

**आन्तरिक व्यवस्थापन तथा खरिद**

८४. महानगरपालिकाको आन्तरिक व्यवस्थापन तथा खरिद सम्बन्धी कार्यलाई पारदर्शी, मितव्ययी, प्रतिस्पर्धी र प्रविधिमैत्री बनाइएको छ ।महानगरपालिकाको जिन्सी श्रेस्ता प्रणालीलाई PAMS सफ्टवेयर मार्फत् व्यवस्थित गरिएको छ ।

८५. महानगरपालिका र मातहतका निकायहरूमा रहेका जिन्सी सामग्रीहरूको अभिलेखीकरण, रेखदेख, संरक्षण, मर्मतसम्भार, लिलाम बिक्री सम्बन्धी कार्यलाई प्रभावकारी बनाइएको छ ।पुराना अभिलेखहरुलाई डिजिटाइज गरी व्यवस्थित गर्न आवश्यक प्रवन्ध गरिएको छ ।

८६. सार्वजनिक खरिदमा व्यवसाय सूचीकरणलाई अनिवार्य बनाइएको छ । व्यवसाय सूचीकरण कार्यलाई अनलाइनमा आधारित बनाइ सोको अभिलेख व्यवस्थापनलाई पारदर्शी एवम् प्रविधिमैत्री बनाइएको छ ।

८७. महानगरपालिकाको खरिद कार्यलाई व्यवस्थित गर्न वार्षिक खरिद गुरुयोजना तयार गरी कार्यान्वयन गरिएको छ ।

## कानुनी मामिला तथा न्यायिक समिति

८८. नेपालको संविधान २०७२ ले परिकल्पना गरे अनुसार स्थानीय अदालतका रुपमा न्यायिक समितिबाट हुने न्याय निरुपणलाई सर्वसुलभ र छिटो छरितो रुपमा सम्पादन गर्नका लागि आवश्यक व्यवस्था मिलाइएको छ ।

८९. वडास्तरमा गठित मेलमिलाप समितिको क्षमता विकासका लागि योजना बनाइ चालु आ.व. को दोस्रो चौमासिकबाट कार्यक्रम सञ्चालन गर्ने गरी आवश्यक तयारी गरिएको छ ।

९०. न्यायिक समितिको क्षमता विकासका लागि विभिन्न पालिकाहरुको अवलोकन भ्रमण तथा सिकाइ आदान प्रदान गरी समानान्तर सिकाइको अभ्यास गरिएको छ ।

## उपभोक्ता हित संरक्षण

९१. उपभोक्ता हित संरक्षण र प्रवर्धनका लागि नियमित रुपमा बजार अनुगमन गरिएको छ ।आ.व. २०८०/८१ को सावनदेखि मंसिरसम्म ३५८ ओटा पसल व्यवसायहरूमा संयुक्त बजार अनुगमन टोलीबाट बजार अनुगमन गरिएको छ । अनुगमनका क्रममा फेला परेका र विज्ञबाट ठहर गरिएका गुणस्तरहीन तथा म्याद गुज्रेका खाद्य पदार्थहरुको उचित व्यवस्थापन गरिएको छ।व्यवसायीहरुलाई गुणस्तरीय खाद्य पदार्थ बिक्री वितरणका लागि सचेत गराइएको छ।

## भूमि व्यवस्था, भू-उपयोग तथा बस्ती विकास

९२. राष्ट्रिय भूमि आयोगले जारि गरेको लगत संकलन कार्यविधि २०७८ अनुसार भूमिहिन दलित भूमिहीन सुकुम्बासीले भर्ने निवेदन फारम अनुसूची-३ र अव्यवास्थित बसोवासीले दिने निवेदन फारम अनुसूची-४ अनुसारको ११०५९ फारम भर्ने कार्य सम्मन्न भएको छ ।

९३. अनुसूची ३को भूमिहिन दलितको २०३५ , भूमिहीन सुकुम्बासीको ३८८८ र अनुसूची ४ बमोजिम अव्यवास्थित बसोवासीको ५१३६ फारमहरू राष्ट्रिय भूमि आयोगको सूचना प्रणाली (NALCIS) मा प्रविष्ट भएको छ ।

९४. सूचना प्रणाली(NALCIS) मा प्रविष्ट फाराममका परिबारमुलीको नाममा निस्सा वितरण कार्य सम्पन्न भएको छ।

९५. भरतपुर महानगरपालिका वडा २ मा १८० भूमिहीन दलित तथा भूमिहिन सुकुम्बासीलाई परिवारलाई जग्गाधनी प्रमाणपूर्जा वितरण गरिएको।

९६. जग्गाको नापजाँच वडा नं (१,२, ११, १२, १४, १५, १७, १८, १९, २०,२१,२३,२४, २६ र २७) मा पूर्ण रुपमा सम्पन्न भएको र वडा नं (६, १३ ) मा आंशिक रुपमा गरी १७७३५२९.८६६ वर्ग मिटर सकिएको छ भने अन्य बाँकी वडाहरुमा हाल जग्गाको नापजाँचको तयारि भै रहेको छ ।

९७. वडा नं. १५ मा १० जना, वडा नं. २६ मा ६ जना र वडा नं. ११ मा १४८ गरी जम्मा १६४ भूमिहीन दलित तथा भूमिहिन सुकुम्बासीलाई परिवारलाई जग्गाधनी प्रमाणपूर्जा वितरणका लागि कार्यपालिकामा निर्णय गरी राष्ट्रिय भूमि आयोग जिल्ला समिति चितवनमा सिफारिस पठाइएको छ।

९८. भू उपयोगतर्फ पुङ्गी खोला, केरुङ्गा खोलाको सिमाङ्कन गरी सार्वजनिक जग्गा संरक्षण अभियानलाई तीब्रता दिइएको छ। महानगरका जग्गा बर्गीकरण तथा नक्साङ्कनको कार्यका लागि परामर्शदाता छनौट प्रक्रियामा रहेको छभने एकीकृत खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन गर्न आवश्यक पर्ने जग्गा पहिचान गरिएको छ । यस आयोजनाबाट दिगोरूपमा खानेपानी समस्या समाधान अपेक्षा गरिएको छ ।

## राजस्व प्रशासन

९९. राजस्व प्रशासनलाई पारदर्शी बनाउन सूचना प्रविधिको प्रयोगलाई छिटो, सरल र सेवाग्राहीमैत्री बनाई अधिकतम कर सङ्कलन गर्ने सन्दर्भमा कर सूचना प्रणालीलाई भू-सूचना प्रणाली (GIS Based System) मा आवद्ध गर्नको लागि सरोकारवाला शाखा तथा कर सम्वन्धी प्रयोग भैरहेको सफ्टवेयर प्रदायकसँग समन्वय भैरहेको छ।

१००. महानगरभित्रका करदाताहरूलाई गतवर्ष जस्तै हरेक वडाको टोल विकास संस्था मार्फत् कर शिक्षा मार्फत् जिम्मेबारी सहित कर सङ्कलनमा सहभागी गराउन यस सम्वन्धी कार्ययोजना स्वीकृतिको चरणमा रहेको।प्रत्येक टोल विकास संस्थालाई उक्त संस्थाको क्षेत्रबाट सङ्कलित घरबहाल करको तीन प्रतिशत रकमबाट कार्यक्रम वजेट स्विकृत गर्ने नीति अनुरुप कार्य भइरहेको र सोबाट अपेक्षित उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ।

१०१.घर बहालकर सम्वन्धित घरधनीद्वारा दाखिला हुनु पर्नेमा कर शिक्षाका अभावले त्यसो हुन नसकिरहेको अवस्थामा थप कर शिक्षा प्रदान गर्ने साथै टोल विकास संस्था परिचालनबाट प्राप्त घर बहालक कर सम्वन्धी तथ्याङ्कलाई सम्पत्ति करमा प्रविष्टि गरी अनिवार्य घर बहाल कर दाखिला गर्ने कार्य शुरु भएको छ।

१०२.ठुला करदाता इकाई गठन गरी सो को कार्यसूचि बमोजिम तथ्याङ्क तयार भैरहेको र ठूला करदाताहरूसँग समन्वय, छलफल र पत्राचारको कार्य अगाडि बढाइएको छ।

१०३.राजस्वको स्रोत मध्ये सम्भाव्य हिस्साका रुपमा रहेको कवाडी कर सङ्कलन सम्वन्धी वजार सर्वेक्षण, अनुगमन, अध्ययन प्रतिवेदन तयार गरी सोको आधारमा भरतपुर महानगरपालिकामा पहिलो पटक ठेक्का प्रणाली मार्फत् सम्झौता भई करिव चार करोड रुपैयाँ थप राजस्व सङ्कलन कार्य भैरहेको छ।

१०४.चालु आर्थिक वर्षमा केन्द्रिय बस टर्मिनल र नारायणगढ बसपार्कको व्यवस्थापन ठेक्का प्रक्रिया अघि बढाइएकोमा तीन पटकसम्म ठेक्का पर्न नसकेकोले भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको मिति २०८०/०८/२१ को निर्णयानुसार पुनः सूचना प्रकाशन भैसकेको।

१०५.समयमा कर दाखिला गर्न अभिप्रेरित गर्ने उद्देश्यले चालु आर्थिक वर्षको पौषमसान्त भित्र समपत्ति कर, मालपोत तथा भूमिकरमा १० प्रतिशत छुट दिइएको तर यसबाट अपेक्षित कर सङ्कलन हुन नसकेको अवस्था रहेको छ।

१०६.राजस्व व्यवस्थापन महाशाखाबाट नियमित रुपमा राजस्व अनुगमन भइरहेको र करिब १२०० व्यवसायीहरूसँग स्थलगत रुपमा छलफल गरी समयमा कर दाखिला गर्न अभिप्रेरित गरिएको।यसबाट राजस्व सङ्कलनमा टेवा पुगेको अवस्था रहेको छ।

१०७.राजस्व सङ्कलनको प्रमुख हिस्सा रहने नदीजन्य पदार्थको विक्री व्यवस्थापनका लागि बोलपत्र स्वीकृत भई सूचना प्रकाशनको चरणमा रहेको।

१०८.यसै आर्थिक वर्षबाट महानगरपालिकाको नीति बमोजिम महानगरपालिकालाई दाखिला गर्ने करहरू दाखिला भएको खण्डमा करचुक्ता प्रमाणपत्र जारी गर्न शुरु गरिएको छ।

१०९.समयमा महानगरपालिकालाई बुझाउनु पर्ने कर दाखिला गरेका व्यवसायी तथा सम्पत्ति धनीहरूलाई असल करदाता स्टिकर प्रदान गरिएको छ।

११०.विद्यालयमा विद्यार्थी मार्फत् कर शिक्षा प्रदान गर्ने तयारी भैरहेको छ।

## आर्थिक प्रशासन

## योजना, अनुगमन तथा सूचना प्रविधि र संस्थागत विकास

१११.महानगरपालिकाको योजना प्रणालिलाई जनसहभागितामुलक पारदर्शि वनाउदै तथ्यमा र तथ्याङ्कमा आधारित योजना छनौटको कार्यको लागि परियोजना बैंक स्थापना गरि समिति गठन भई कार्य अगाडि बढाइएको छ।

११२.महानगरपालिकाको योजना प्रणालिलाई जनसहभागितामुलक बनाउने नीति अनुरुप ३५ वटा उपभोक्ता समिति गठन भई नगरस्तरीय योजनाहरुको  कार्य अगाडि बढाइएको र वडास्तरीय योजनाहरु वडा कार्यालयबाटै उपभोक्ता समिति गठन भई योजा संचालन हुँदै आएको छ।

११३.महानगरको संस्थागत क्षमता वृद्धि गर्ने नीति अनुरुप स्थानिय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम महानगरको सूचकांङ्कमा वृद्धि गर्न अभिमुखिकरण कार्यक्रम संचालन गरिएको छ ।

११४. भरतपुर महानगरपालिका अन्तर्गत संचालन हुने विभिन्न कार्यक्रम तथा आयोजना, परियोजनाहरुको प्रभावकारी रुपले संचालन गर्ने नीति अनुरुप ६५ वटा नगरस्तरीय योजनाहरुको अनुगमन गरिएको साथै अनुगमन प्रकृयालाई थप प्रभावकारी बनाउन "**अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण सम्बन्धि कार्यविधि २०८०, र योजना छनौट तथा तर्जुमा सम्बन्धि कार्यविधि,२०८०**" निर्माणको लागि मस्यौदा समिति गठन गरि मस्यौदा तयार भएको छ ।

११५.दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गर्ने नीति अनुरुप कार्यविधि निर्माणको प्रकृया अगाडि बढाईएको छ ।

## सूचना तथा सञ्चार प्रविधि र अन्तर्राष्ट्रिय सम्बन्ध

११६.केन्द्रिकृत सूचना प्रणालीको माध्यमबाट महानगरपालिकाको सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन भरतपुर महानगरपालिकाका वडा कार्यालय लगायत मातहतका कार्यालयहरुमा वेब बेस्ड ई हाजिरी र अनलाइन दर्ता चलानी संचालनमा ल्याइएको छ।

११७.स्थानीय प्रशासनको समन्वयमा २९ वटै वडाका मुख्य मुख्य स्थानहरुमा सिसि टिभि जडान गरी अपराध नियन्त्रणका साथै सडक तथा सार्वजनिक सुरक्षालाई चुस्त दुरुस्त बनाउनका लागि

नेटवर्किङका लागि नेपाल टेलिकमसँग सम्झौता गर्ने र सिसिटिभिका आवश्यक डिभाइसको खरिद प्रकृया अगाडि बढाउने कार्य भैरहेको छ।

११८. विकास, सेवा र करमा सुधारका लागि डिजिटल र स्मार्ट भरतपुर कार्यक्रम अन्तरगत जि.आइ.एस. GIS मा आधारित घर नम्वर प्रणाली (Metric system) तयार गरी घर नम्वर प्लेट जडान गर्ने कार्यका लागि आवश्यक कार्यशर्त TOR र लागत अनुमान तयार भैरहेको छ।

११९. स्थानीय सञ्चार माध्यमहरुको विकास प्रवर्धन र प्रतिस्पर्धी बनाउन लोक कल्याणकारी विज्ञापन सम्बन्धी मापदण्ड लागु गरी विज्ञापन वितरणलाई व्यवस्थित गरिएको छ ।

**८. कार्यालय प्रमुख र  सूचना अधिकारीको नाम र पद**

कार्यालय प्रमुखः नरेन्द्र कुमार राना, प्रमुख प्रशासकीय अधिकृत (रा. प. प्रथम, सहसचिव)

सम्पर्क नं. ९८५७८२२८६८

सूचना अधिकारी: मेनका पण्डित, शाखा अधिकृत

सम्पर्क नं. ९८५५०९२२०१

**९. ऐन, नियम, विनियम वा निर्देशनको सूचीः**

**यस त्रैमासिकमा वटा ऐन १ वटा कार्यविधि २ र १ वटा मापदण्ड पारित गरिएको ।**

**१०. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण**

२०८० कार्तिक १ गते देखि २०८० पौष मसान्तसम्मको आय विवरण :

**आम्दानीतर्फ**

**आन्तरिक आयः**

**रु २६,००,२६,९५४।६३**

**व्यय विवरण :**

२०८० पौष मसान्त सम्मको खर्च विवरण

| **विनियोजित रकम** | **बार्षिक बजेट (रु हजारमा)** | **खर्च रकम (रु हजारमा)** |
|---|---|---|
| १ चालुतर्फ | २६७१४८४ | ९०२७५२ |
| २ पूँजिगततर्फ | ३७२६३६६ | ५१७४२० |
| जम्मा | ६३९७८५० | १४२०१७२ |

**११. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषयः**

| क्र स | सूचना माग गर्नेको विवरण | सूचना माग विवरण | दर्ता मिति | दर्ता नं. | कार्वान्वयनको अवस्था |
|---|---|---|---|---|---|
| १ | | | | | |